# संचारिका
## फिचर सेवा

वर्ष १३, अङ्क ११ माघ/फागुन February 2012

नेपालमा लैङ्गिक हिंसा सदियौँदेखि कायम छ। सामान्यतया लैङ्गिक हिंसा भन्नाले लिङ्गको आधारमा हुने हिंसालाई बुझाउँछ। नेपालमा पुरुषभन्दा महिला भएकै कारणले हुने हिंसाको मात्रा अत्यधिक भएका कारणले यहाँ लैङ्गिक हिंसाको कुरा गर्दा महिलामाथिको हिंसाको रूपमा लिने र बुझ्ने गरिएको छ। लैङ्गिक आधारमा हुने हिंसाको सबैभन्दा पुरानो स्वरूप घरेलु हिंसालाई मानिन्छ र घरेलु हिंसाका पनि अनेक रूपहरू छन्। नेपालमा लैङ्गिक हिंसाको न्यूनीकरणका लागि प्रयासको थालनी चन्द्रशमशेरका पालामा (सन् १९२०) सतीप्रथाको उन्मूलनबाट भएको थियो भन्न सकिन्छ। त्यसपछिका दिनहरूमा हिंसाका बदलिँदा स्वरूपसँगै लैङ्गिक हिंसाका विरुद्ध विभिन्न सामाजिक अभियान तथा कानुनी प्रयासहरू जारी छन्।

महिला र सञ्चारको क्षेत्रमा कार्यरत सञ्चारिका समूहले आफ्नो स्थापनाकालदेखि नै लैङ्गिक हिंसाविरुद्धको अभियानलाई महत्वका साथ अगाडि बढाइरहेको छ। यो फिचर सेवा यस अभियानको एउटा हिस्सा हो।

**महिलाको इतिहास मूलतः मौनताको इतिहास हो। हाम्रा धेरै आमा, हज़ुरआमाले आफ्माथि भएका अन्यायलाई चुपचाप सहे, हामी यसलाई तोडौँ !!**

# महिलाहरूले घोषणा गरे, समान ज्याला गाउँ

**स्थानीय महिला भन्छन्, 'हामीले गरेको कामको कुरा एफएममा आउँदा हामीमा झनै उत्साह थपियो, घरपरिवार र छिमेकीहरूले पनि कुरा के रहेछ भनेर बुझे ।' भेदभाव पनि महिलाविरुद्धको हिंसा हो भन्ने कुरा बुझेपछि आफूहरूले हिंसा सहेर नबस्ने निर्णय गरेको उनीहरूको भनाइ छ ।**

**✍ आदर्श केसी**

बराबर काम गऱ्यो साँझ घर फर्कंदा पुरुषहरूले एक सय र आफूले ६० रुपैयाँ मात्र ज्याला पाउँदा बाफिकोट- ४ सिम्तारू रुकुमकी कमला जैसीलाई निकै दुःख लाग्थ्यो । तर, अहिले पुरुषसरह ज्याला पाउन थालेपछि उनलाई अलिकति भए पनि समानताको अनुभूति भएको छ । दिनभरि सँगै काम गऱ्यो तर दुःख गरेबापत पुरुषको तुलनामा कम पैसा पाउने रुकुम बाफिकोटका महिला अहिले त्यो भेदभावबाट मुक्त भएका छन् । त्यसका लागि महिलाले निकै लामो सङ्घर्ष गर्नुपरेको थियो ।

पुरुषसरह नै काम गर्ने तर पैसा पाउँदा पुरुषले बढी र आफूहरूले कम पैसा पाउने कुरा रुकुमेली महिलाका लागि नयाँ कुरा थिएन । बाटोघाटो निर्माण, घर बनाउने, गिटी कुट्नेलगायत अन्य कृषिजन्य काममा पनि ज्याला असमान थियो । कामकै क्रममा कतिपय महिलालाई फिर्ता गराउने, पारिश्रमिकमा विभेद गर्नेजस्ता कार्यले महिलालाई सधैं आफूहरू हेपिएको महसुस गराउँथ्यो । अब त ठीक होला भन्दाभन्दै झन्झन् भेदभाव महसुस भएपछि त्यस्तो वातावरणको अन्त्य गर्न स्थानीय अगुवा महिला कमला धितालको अग्रसरतामा महिलाको भेला भयो र जसरी पनि आफ्नो गाउँलाई असमान ज्यालामुक्त गाउँ घोषणा गर्ने अभियानमा उनीहरू जुटे । महिलाको अभियानमा स्थानीय युवा क्लबले पनि साथ दियो, क्लबको सहयोगबाट महिलामा थप उत्साह बढ्यो । गाउँ-गाउँमा घरदैलो, बहस, अन्तरक्रियालगायत विविध गतिविधिहरू सञ्चालन भए । एक सय ७० घरधुरी रहेको सो गाउँ निकै ठूलो छ । चारैतिर घरहरूबीचमा खेतहरू भएकोले घरदैलो गर्न पनि अन्य गाउँमा भन्दा सजिलो छ । गाउँभरिका महिला र क्लबका सदस्य गरेर एक सय ५० जतिको सङ्ख्यामा घरदैलो कार्यक्रम सुरु गरेका थिए । एक दिन उक्त टोली घरदैलो कार्यक्रम गर्दै स्थानीय लाहुरे साहु नन्दराम खत्रीको घरमा पुगेको थियो । त्यहाँ थुप्रै मान्छे जम्मा भएर कोही माटो खनिरहेका थिए, कोही ढुङ्गा बोकिरहेका थिए भने केही महिला घर निर्माण भइरहेको ठाउँमा सिमेन्ट बोकेर जाँदै थिए । लाहुरे साहु निकै कड्किए, 'केको समान ज्याला ? महिलाले पुरुषसरह काम गर्न सक्छन् ? म कुनै हालतमा बराबर दिन्नँ ।' अभियानमा संलग्न महिलाका अनुसार, उनले उक्त अभियानलाई काम नपाएकाको नाटकको संज्ञा दिए । त्यहाँ निकै विवाद भयो । काम गरिरहेका उनका कामदार काम छाडेर हिंडे । घर निर्माणको काममा कोही पनि महिला सहभागी भएनन् । अर्को दिनको काम पनि प्रभावित भयो । पछि लाहुरे साहुले आफूले समान ज्याला दिने घोषणा गरेपछि उनको काम सुचारु भयो ।

अन्ततः सिम्तारू गाउँलाई स्थानीय महिलाले समान कामको समान ज्याला क्षेत्र घोषणा गरेरै छाडे । राजनीतिक दलका नेता, कार्यकर्ता, नागरिक समाजका प्रतिनिधि, पत्रकार, बुद्धिजीवीलगायत स्थानीयवासीको ठूलो समूहसामु स्थानीय महिला प्रेमकला धितालले मञ्चमा माइक समातेर आफ्नो गाउँ महिला-पुरुष समान ज्यालाक्षेत्र भएको घोषणापत्र पढेर सुनाइन् । उक्त

घोषणाको उपस्थित जनसमुदायले एकै साथ ताली बजाएर स्वागत एवम् समर्थन गरे। घोषणासभामा उपस्थित बूढापाका महिलाले भने, 'हामीले सधैं पुरुषभन्दा थोरै ज्यालामा काम गऱ्यौं, उनीहरू र हामीले गर्ने काम उही हुन्थ्यो, थकाइ उस्तै लाग्थ्यो तर हामीले कहिल्यै बराबरी ज्याला पाएनौं, आखिर सङ्घर्ष गरे त हुने रहेछ नि, आज महिलाको विरोध र सङ्घर्षकै कारण यो गाउँमा समान ज्यालाको घोषणा भयो।'

हिजोआज समानुपातिक सहभागिता, समावेशीकरण र समान अधिकारको विषयमा चर्चा-परिचर्चा दैनिकजसो भइरहेको पाइन्छ, तर यी कुरा व्यवहारमा कमै लागू गरेको पाइन्छ। समुदायको सहयोग र महिलाको पहलमा बाफिकोटका बासिन्दाले अहिले यो कुरा व्यवहारमा ल्याएर उदाहरणीय बनेका छन्। अहिले सो गाउँमा महिला र पुरुषबीच पहिलाझैं लैङ्गिक विभेद भएको पाइँदैन। त्यहाँका महिला सामाजिक कार्यमा निकै व्यस्त देखिन्छन्। समान ज्याला घोषणापछि स्थानीयवासीमा उत्साह बढेको छ। स्थानीय महिला गीता ओली भन्छिन्, 'महिलालाई ठग्ने सामाजिक चलन हटेको छ, सबै ठाउँहरूमा महिलालाई बराबर स्थान दिनुपर्छ भन्ने मान्यता बिस्तारै स्थापित हुँदै छ।'

महिलाले गत साल सुरु गरेको अभियानपछि आफूले महिला र पुरुषलाई काम गराएबापत बराबर ज्याला दिन सुरु गरेका स्थानीय बिर्दु जैसीले बताए। उनी कृषक हुन्, धान रोपाइँको क्रममा होस् या अन्य खेतीपातीका काममा खेताला नलाई धरै छैन। भन्छन्, 'आखिर जे गऱ्यो त्यही हुँदोरहेछ, हाम्रो गाउँ राप्ती अञ्चलकै नमुना गाउँ बनेकोमा खुसी लागेको छ, अब हाम्रा आँखा खुले, यसरी नै अरूले पनि सिक्दै जाऊन्।' महिलाले सिम्तारू गाउँमा गरेको परिवर्तनको प्रभाव बाफिकोट गाविसभरि परेको छ। समाजमा आलोपालो गरेर काम गर्ने परम्परा सुरु भएको छ। आजभोलि काम लगाउनेहरूका लागि पनि बराबर ज्याला दिनु कुनै अनौठो कुरा बनेको छैन। यहाँका महिलाको सकारात्मक कामको प्रभाव छिमेकी गाविस मग्मा, झुला, स्यालापाखालगायतका गाविसमा पनि परेको छ। केही ठाउँहरूमा क्रमशः महिलामाथि हुने विभेदहरूको अन्त्यका लागि महिला नै अग्रसर भएर समस्या समाधानका लागि प्रयास गर्न थालेका छन्। बाफिकोट गाविसको एक वडाका महिलाको कामको सकारात्मक प्रभाव जिल्लाभरि परेको छ। उनीहरूको प्रयासलाई स्थानीय सञ्चारमाध्यमहरूले पनि त्यत्तिकै साथ दिएका छन्। स्थानीय महिला भन्छन्, 'हामीले गरेको कामको कुरा एफएममा आउँदा हामीमा झनै उत्साह थपियो, घरपरिवार र छिमेकीहरूले पनि कुरा के रहेछ भनेर बुझे।' भेदभाव पनि महिलाविरुद्धको हिंसा हो भन्ने कुरा बुझेपछि आफूहरूले हिंसा सहेर नबस्ने निर्णय गरेको उनीहरूको भनाइ छ। रुकुमको एउटा गाउँमा मात्र नभएर महिलाद्वारा गरिएको यो प्रयासको सम्मान जिल्ला तथा मुलुकभरि नै हुनुपर्ने देखिन्छ।

*साभार : संचारिका फिचर सेवा*

*(आदर्श अन्नपूर्ण पोष्टका रुकुम संवाददाता हुन्।)*

# रोजगारदाता बन्दै छन् महिला

**'गाउँभरिका महिलाहरू अहिले गलैंचा बुन्न थालेपछि गरिब परिवारको जीवनस्तर उक्सिादै गएको छ, हातमा पैसा भएपछि महिलामाथि हुने घरेलु हिंसामा पनि कमी आएको छ।'**

**✍ ऋषिराज राई**

उदयपुर त्रिवेणीकी अम्बिका तामाङ (वर्ष ४०) घरमै बसेर गलैंचा बुन्छिन्। उनले बुनेको गलैंचा काठमाडौं हुँदै अमेरिका, बेलायतजस्ता विकसित मुलुकमा निर्यात हुन्छ। घरमै बसेर

गलैंचा बुन्ने उनी मासिक १० देखि १५ हजारसम्मको आम्दानी गर्छिन् जसबाट घरखर्च मजाले चलेको छ। भन्छिन्, 'छोराछोरीको पढाइ खर्च, घरायसी खर्च यसैले धानेकी छु।' उनी मात्र होइन, उनकै घरमा सिराहा, सप्तरीलगायतका जिल्लाबाट समेत दर्जनभन्दा बढी महिला आएर गलैंचा बुन्छन् र आम्दानीले घरको दुःख टार्छन्।

अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आईएलओ) को परिभाषाअनुसार अम्बिका गृहश्रमिक महिला हुन्। घरमै बसेर आयआर्जन गर्नेलाई गृहश्रमिक भनिन्छ। तर, घरमै बसेर अन्यलाई समेत रोजगार दिलाउने उनलाई भने अहिले जिल्लामै रोजगारदाता महिला भनेर चिनिन्छ। अहिले रोजगारदाता महिला भनेर गाउँमा जति प्रशंसा छ त्यति उनको जीवनको आरोह-अवरोह पनि अविष्मरणीय छ। भन्छिन्, 'सुरुसुरुमा गलैंचा बुन्न सिक्दा साहुले गर्ने व्यवहार त मरेर गए पनि बिर्सन्न होला।'

उदयपुरको पहाडी गाउँबाट ०४२ सालमा राजधानी काठमाडौं छिर्दा तामाङ बालिका नै थिइन्। त्यतिबेला गाउँगाउँबाट काठमाडौं गलैंचा बुन्न जानेको लहरै चलेको थियो, त्यसै लहरमा गलैंचा बुन्न सहर पसेका केही महिला अझै गाउँ फर्किएका छैनन्, कति त अहिले कहाँ छन्, के गर्दै छन् थाहा पनि छैन। गलैंचा बुन्ने केटी भनेर हेर्ने कुदृष्टिले समाजमा मुहार देखाउन पनि कठिन थियो। गलैंचाको काम नगरूँ अरू केही गर्ने उपाय पनि थिएन। उनको भनाइमा गलैंचा उद्योग सञ्चालन गर्दै आएका सञ्चालकहरूले गलैंचा बुन्ने महिला (जो प्रायः किशोरावस्थाका हुन्छन्) त्यसबेला श्रम मात्र नभएर यौनशोषणमा पनि पर्ने गरेका थिए।

यसरी जीवनको कठिन यात्रामा गलैंचा पिट्ने मुङ्ग्रोले साहुले हातको औंलामा पिटेको क्षण भुल्न नसके पनि तामाङको जीवनको अवस्था फेरिएको छ। अहिले उनले घरमै सञ्चालन गर्दै आएको उद्योगमा १० थान तान लागेका छन् जहाँ धेरैले आम्दानी गर्छन्, सीप सिक्छन्।

उनी मात्र होइनन्, उनीजस्तै जिल्लाकै पहाडी गाविस पञ्चातीको नेपालटारमा पनि अहिले महिलाहरू नै रोजगारदाता बनेका छन्। नेपालटारमा पनि एक वर्षअघिदेखि गलैंचा उद्योग खुलेपछि धेरैले रोजगारी पाएका छन्। नेपालटारमा गलैंचा उद्योग सञ्चालन गर्नेमा चाहिँ दीपा राई (वर्ष ३५) रहेकी छिन्। उनी घरमै गलैंचा बुन्छिन् जुन आम्दानीबाट घरखर्च चलाउँछिन्। जसका कारण न त उनको श्रीमान्सँग कचकच नै पर्छ न कतै ऋण माग्नै जान परेको छ। भन्छिन्, 'न त श्रीमान्को कमाइमा भर पर्नुपर्‍यो न त अन्त कतै काम खोज्न जानुपर्‍यो।'

घरबारी र भान्छाको कामसँगै फुर्सदको समयलाई सदुपयोग गर्दा हुने कमाइबाट केटाकेटी पढाउने र घरखर्च टार्न ऋण माग्न जानु नपर्ने भएपछि महिलाहरू आयआर्जनमा आकर्षित भएका हुन्। भन्छिन्, 'गाउँभरिका महिलाहरू अहिले गलैंचा बुन्न थालेपछि गरिब परिवारको जीवनस्तर उक्सिँदै गएको छ, हातमा पैसा भएपछि महिलामाथि हुने घरेलु हिंसामा पनि कमी आएको छ।'

अम्बिका र दीपा मात्रै होइन, अहिले उदयपुरका धेरै महिला गाउँमा गलैंचा बुन्न लालयित बनेका छन्। जसबाट आयआर्जनसँगै महिला आत्मनिर्भरसमेत बन्दै गएका छन्। उदयपुरमा जस्तै सिन्धुलीमा पनि हालै जिल्लामै पहिलो गलैंचा उद्योग खुलेको छ। गाउँमा रोजगारीको अवसर सिर्जना गरेर महिला र युवाहरूलाई विदेशिनबाट रोक्न जिल्लाको दुर्गम गाविस क्यानेश्वरमा हीरा लामाले कार्पेट उद्योग स्थापना गरेका हुन्। उद्योग स्थापना भएलगत्तै २५ जना महिलाले गलैंचा बुनेर मासिक १० हजारभन्दा बढीको कमाइ गरिरहेका सञ्चालक लामाले बताइन्। लामाका अनुसार, उद्योगमा आठदेखि १० घन्टा काम गर्दा एकजनाले कम्तीमा दैनिक तीनदेखि पाँच सय रुपैयाँसम्म आम्दानी गर्ने गर्छन्।

गलैंचा उत्पादनका लागि आवश्यक कच्चा पदार्थ काठमाडौंबाट आयात हुने गर्छ भने गाउँमा उत्पादित गलैंचा काठमाडौंको जति महँगो नपर्ने भएकाले पनि माग बढ्दो छ। गलैंचा बुन्ने तालिम लिन अन्त जान नपर्ने भएपछि अहिले बेरोजगार महिला गलैंचा बुन्ने पेसामा आकर्षित भएका छन्।

गाउँमा उत्पादन भएका गलैंचा काठमाडौंमा प्रतिगोटा ६० हजारसम्ममा बिक्री हुने गरेको महिला उद्यमीहरूले बताएका छन्। गलैंचा उत्पादनका लागि काठमाडौंको गलैंचा कारखानासँग सहकार्य गर्दै आएका उनीहरूले माग बढ्दो भए पनि मागअनुसार उत्पादन गर्न नसकेको बताएका छन्।

गाउँमा गलैंचा बुनेर रोजगारदाता बन्न सफल महिला अधिकांश सामान्य पढाइमा सीमित छन् । धेरै पढ्न नपाएका, गरिब, निम्नस्तरका आदिवासी जनजाति महिला यो पेसामा लाग्ने गरेकाले विभिन्न सङ्घसंस्था गठन गर्ने उद्योग स्थापनाका लागि थप जानकारी लिने र विभिन्न विकास बैंकहरूसँग उद्योगका लागि सहुलियत दरले ऋण लिन सकिरहेका छैनन् । त्यस्ता उद्योगहरू थप विस्तारका लागि ती महिलालाई अरूले सहयोग गर्नुपर्ने महिला उद्यमी कटारीका अध्यक्ष वीरू कायस्थले बताइन् । उनले भनिन्, 'महिलाले स्थापना गरेका गलैंचा, दालमोठ, भुजियाजस्ता उद्योगलाई व्यावसायिक बनाउन सबै क्षेत्रको सहयोग आवश्यक छ ।'

जिल्लामा महिलासम्बन्धी काम गर्दै आएका सङ्घसंस्थाले त्यस्ता महिलामुखी उद्यमीहरूलाई प्रोत्साहन गर्नु आवश्यक रहेको भए पनि अझैसम्म कसैले चासो नदेखाएको महिला उद्यमीहरूले बताएका छन् । महिलाहरूले स्थापना गरेका त्यस्ता उद्योगहरूलाई जिल्लाको उद्योग वाणिज्य सङ्घले वाणिज्य सङ्घमा अझै दर्ता गराउन सकेको छैन ।

उद्योगमा दर्ता गराउन विभिन्न प्रक्रिया पुऱ्याउनुपर्ने भएकाले प्रक्रिया नपुगी दर्ता गर्न नसकिने उदयपुर उद्योग वाणिज्य सङ्घ कटारीका अध्यक्ष राजेशचन्द्र श्रेष्ठले बताए । उनले भने, 'प्रक्रिया नपुग्दा र ग्रामीण भेगमा रहेकाले पनि सङ्घमा आबद्ध गराउन सकिएको छैन ।' बिस्तारै सङ्घको कार्यक्रम निर्माण गर्दा त्यस्ता उद्यमीहरूको समस्यालाई पनि ध्यानमा राख्ने उनले बताए ।

सिन्धुलीमा भने नयाँ उद्योग खुलेकोमा खुसी व्यक्त गर्दै सिन्धुली उद्योग वाणिज्य सङ्घका महासचिव अर्जुन श्रेष्ठले भने, 'उद्योगविहीन जिल्लामा उद्योग स्थापना हुँदा धेरैले रोजगारी पाउनेछन् । जसले ग्रामीण भेगको बेरोजगारीलाई घटाउनुका साथै महिलालाई आत्मनिर्भर बनाउँदै लानेछ ।'

आत्मनिर्भरतासँगै महिलाहरूमा आत्मविश्वास बढ्ने भएकाले पनि महिलाहरूलाई उद्यमी बनाउनु आवश्यक छ । महिलाको कामको मूल्याङ्कन नहुने हाम्रो समाजमा महिलाद्वारा सञ्चालित यी उद्योगले महिलाको आर्थिक सशक्तीकरणसँगै उनीहरूको आत्मसम्मानमा वृद्धि गराउने पनि देखिएको छ । महिलाले घरेलु हिंसाबाट मुक्ति पाउँदै जानलाई यसको सूचकका रूपमा लिन सकिन्छ । यसप्रकारका उद्योगहरूको विस्तार गर्दै ग्रामीण भेगका सबै गाउँमा पुऱ्याउनका लागि राज्यले महिलाद्वारा सञ्चालित उद्योग व्यवसायलाई विभिन्न सहुलियत प्रदान गरेर प्रोत्साहन गर्नुपर्ने देखिन्छ ।

*साभार : संचारिका फिचर सेवा*

*(ऋषि उदयपुर कटारीका पत्रकार हुन् ।)*

# बलात्कार : मौनता साँधेर नबसौँ

**प्रगति निमावि रूपन्देहीकी कक्षा सातकी छात्रा निशा खान छात्राका लागि छुट्टै शौचालय नभएकाले महिनावारीमा सबैजसो छात्रा विद्यालय नआउने बताउँछिन् । 'परीक्षामा मात्र जसोतसो आउँछौँ, अरू बेला खुल्ला ठाउँमा शौच गरे पनि महिनावारीमा पटकपटक शौचालय जानुपर्ने भएकाले पढाइ छुटे पनि घरमै बस्छौँ, विद्यालय जाँदैनौँ, निशाले भनिन् ।**

✍ **उमा पौडेल**

'पहिले पनि १६ वर्षकी केटीसँग त्यस्तो सम्बन्ध भइसकेको थियो, साना बालिकासँग शारीरिक सम्पर्क गर्दा झन् रमाइलो हुन्छ भनेको सुनेर उनलाई यस्तो गरेको हुँ,' १६ वर्षका रमेशकुमार खड्का निर्धक्कसँग सिन्धुलीका प्रहरी नायव उपरीक्षक लोकेन्द्र श्रेष्ठसँग बयान दिँदै थिए । गत पुस २९ गते जबर्जस्ती करणीको आरोपमा पक्राउ परेका उनले यो कुरा

परिवारदेखि पत्रकारसम्मलाई भन्न कुनै असहज मानेनन्। सिन्धुली जिल्ला रानीचुरी गाविस- १ भीरगाउँका रमेशले आफ्नी भतिजी पर्ने सात वर्षकी बालिकालाई खेलिरहेको ठाउँबाट घुम्न जाऊँ भन्दै नजिकैको जङ्गलमा लगेर बलात्कार गरेका थिए। बलात्कारसम्बन्धी कानुनी कारबाही र यो अपराध हो भन्नेबारेमा समेत जानकारी नभएका उनी अब मलाई के गर्नुहुन्छ ? भनी प्रहरीसामु प्रश्न गर्दै थिए। सिन्धुली प्रहरीको हिरासतमा रहेका उनलाई भक्तपुरमा रहेको बाल सुधारगृहमा पठाउने तयारी भइरहेको सिन्धुलीका प्रहरी नायव उपरीक्षक लोकेन्द्र श्रेष्ठले बताए।

सिन्धुलीकै १० वर्षकी बालिकालाई जबर्जस्ती करणी गरेका ७० वर्षका नियालसिंह बुढाथोकी अहिले पनि प्रहरी हिरासतमै छन्। सिन्धुली जिल्ला कमलामाई नगरपालिका- ६ रातमाटाका बुढाथोकीले १० वर्षीया बालिकालाई बलात्कार गरेको कुराले जिल्लाभरि सनसनी फैलिएको थियो। सिन्धुलीमा आर्थिक वर्ष ०६५/६६ मा नौवटा, ६६/६७ मा ६ वटा, ६७/६८ मा आठवटा र ६८/६९ मा चारवटा बलात्कारसम्बन्धी घटना दर्ता भएका छन्। ०६५ सालयता दर्ता भएका सबै घटनाका अभियुक्त प्रहरी हिरासतमा रहेको र चारजना भने तारेखमा मुक्त भएको तथ्याङ्कले देखाएको छ। सिन्धुलीकै १४ वर्षीया एक किशोरीलाई ४० वर्षका निमा घिसिङले, रानीबासका वर्ष २० का राजेश धामीले ११ वर्षकी बालिकालाई र ३६ वर्षका चन्देश्वरप्रसाद सिंहले १४ वर्षकी किशोरीलाई, सिन्धुली झाँगाझोलीकी चार वर्षीया बालिकालाई झाँगाझोलीकै १४ वर्षका आशिष श्रेष्ठले गरेका बलात्कारको घटना त प्रतिनिधि घटनाका रूपमा सिन्धुलीमा रहेका छन्। जिल्लामा आर्थिक वर्ष ०६५/६६ देखि हालसम्म प्रहरी कार्यालयमा २७ वटा बलात्कारका घटना दर्ता भएका छन्, जसमा २१ जना बालिकामाथि जबर्जस्ती करणी गरिएको देखिन्छ। बालिकाहरूमाथि भएका बलात्कारका अतिरिक्त केही-केही यौनजन्य हिंसाका घटना पनि प्रहरीसामु पुग्ने गरेका छन्। कतिपय घटना भने युवायुवतीको सहमतिमै शारीरिक सम्बन्ध राख्ने र पछि एक-अर्कामा मनमुटाव भएपछि प्रहरीमा घटना दर्ता गर्न आउने पनि छन्। यो क्रम बढ्दै गरेको सिन्धुलीका प्रहरी नायव उपरीक्षक लोकेन्द्र श्रेष्ठले जानकारी दिए। दर्ता भएका धेरैजसो घटनामा किशोरकिशोरी र बालबालिका नै संलग्न रहेको देखिएकाले जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने हो भने बलात्कारसम्बन्धी घटनालाई न्यूनीकरण गर्न सकिने उनको भनाइ छ।

डीएसपी श्रेष्ठका अनुसार, कार्यालयमा दर्ता भएका सबै घटनाका अभियुक्तलाई पक्राउ गरिसकिएको छ। जसमा एकजना फरार अपराधी आफैं अदालतमा उपस्थित भएका थिए। लदाभीरकी आठ वर्षीया एक बालिकालाई सोही स्थानमा बस्ने हरिबहादुरले बलात्कार गरेपछि उनलाई अहिले समाजमा बस्न निकै कठिन भएको छ। बलात्कारपछि आफ्नो पढाइलाई समेत निरन्तरता दिन नसकेकी उनी भन्छिन्, 'स्कुलमा जाँदा सबैले बलात्कार भएकी केटी भन्दै जिस्क्याउने गरे, त्यसपछि पढ्न पनि छाडिदिएँ, मलाई अहिले घरबाहिर निस्कनै मन लाग्दैन।' घटना घटेको तीन वर्ष बिते पनि उनले बिर्सन सकेकी छैनन्। आफ्नै घरमा बसिरहेको बेलामा उनको बलात्कार भएको थियो। प्रहरी कार्यालयमा दर्ता नभएका तर समाजमा भएका बलात्कारका घटना समाजमा प्रसस्तै छन्। कतिपय परिवारका सदस्य आफ्नो इज्जतको नाममा यस्ता घटना बाहिर ल्याउनै चाहँदैनन्। समाजमा बाहिर आएका तर प्रहरीसम्म नपुगेका घटना भने समाजका अग्रज व्यक्ति, पीडक र पीडितबीच छलफल गरी कारबाही, जरिवाना गरिने गरेको समाजसेवी रामबहादुर हायु बताउँछन्। इज्जतको नाममा समस्यालाई बाहिर निकाल्न नसक्नुले भने अपराधीहरूलाई प्रश्रय दिइरहेको ठम्याइ हायुको छ। स्थानीयस्तरमा निर्धारण गरिने साना जरिवाना तथा कारबाहीले अपराधका घटना बढ्ने हायु बताउँछन्।

सिन्धुलीमा महिला बलात्कारसम्बन्धी मुद्दाहरू सञ्चारमाध्यममा कमै आउने गरेका छन्। महिला हिंसाका घटना प्रहरीसम्म आइपुगेपछि मात्र पत्रकारले थाहा पाउने गरेको बताउँदै सिन्धुलीकी पत्रकार विमला पाण्डेले भनिन्, 'गाउँमा भएका महिला हिंसाका घटनालाई स्थानीय सञ्चारमाध्यमले महत्वका साथ उठाएर समाजमा जनचेतना फैलाउनु आवश्यक छ। महिला तथा बालबालिका कार्यालय सिन्धुलीकी अधिकृत चन्द्रकला श्रेष्ठ महिला हिंसाका घटना बढ्नुमा महिलाको मौनता पनि कारक भएको बताउँछिन्। अपराधीलाई कानुनी कठघरासम्म उभ्याउन सक्ने हो भने यस्ता घटना धेरै

न्यूनीकरण हुने उनको धारणा छ । बलात्कार भएका महिला तथा बालबालिकालाई समाजमा अपहेलना एवम् तिरस्कार गर्ने प्रचलनको अन्त्यका लागि जनचेतना आवश्यक रहेको उनले बताइन् । बलात्कृत महिलाहरूलाई सङ्गठित गरेर उनीहरूलाई जनचेतनामूलक कार्यक्रममा परिचालन गर्ने हो भने महिला हिंसा नियन्त्रण हुन सक्ने महिला अधिकारकर्मी गंगा दाहालको विचार छ । दाहालका अनुसार, अहिले हिंसामा परेका सबै महिला समाजका विभिन्न आरोप, प्रत्यारोप सहेर बसिरहेका छन्, आफूले भोगेको समस्या अरूलाई नपरोस् भन्नका निम्ति कोही पनि सक्रिय रहेको देखिँदैनन्, यसर्थ यस्ता घटना न्यूनीकरण गर्नका लागि उनीहरू नै परिचालित हुने अवस्थाको सिर्जना गरिनु आवश्यक छ । महिला अधिकारकर्मी रश्मिला देवकोटा पनि पीडित महिलालाई झनै पीडा पुग्ने कार्य कुनै पनि क्षेत्रबाट हुन नहुने बताउँछिन् । कानुनविद् विश्वम्भर लामिछानेका अनुसार १० वर्षभन्दा मुनिका बालिकालाई जबर्जस्ती करणी गर्नेलाई १० देखि १५ वर्षसम्म कैद, १० वर्ष वा सोभन्दा बढी १४ वर्षभन्दा कम उमेरकी बालिका भए आठदेखि १२ वर्षसम्म कैद, १४ वर्ष वा सोभन्दा बढी १६ वर्षभन्दा कम उमेरकी बालिका भए ६ वर्षदेखि १० वर्षसम्म कैद, १६ वर्ष वा सोभन्दा बढी २० वर्षभन्दा कम उमेरकी महिला भए पाँच वर्षदेखि आठ वर्षसम्म कैद, २० वर्ष वा सोभन्दा बढी उमेरकी महिला भए पाँचदेखि सात वर्षसम्म कैदको व्यवस्था कानुनले गरेको छ । यस्तै, लोग्नेले स्वानीलाई जबर्जस्ती करणी गरेमा तीन महिनादेखि ६ महिनासम्म कैद, हाडनातामा जबर्जस्ती करणी गरेमा हाडनातामा करणी गर्नेका महलमा लेखिएको सजायसमेत थपी सजाय हुने कानुनी प्रावधान रहेको छ । त्यस्तै, महिलालाई सामूहिक रूपमा जबर्जस्ती करणी गर्ने वा गर्भवती, अशक्त वा अपाङ्ग महिलालाई जबर्जस्ती करणी गर्नेलाई लेखिएको सजायमा थप पाँच वर्ष सजाय हुन्छ । आफूलाई मानव रोग प्रतिरोधक क्षमता नष्ट गर्ने जीवाणु एचआईभी पोजिटिभको रोग भएको थाहा पाउँदापाउँदै कसैले जबर्जस्ती करणी गरेको रहेछ भने त्यस्तो कसुरलाई थप एक वर्ष कैद हुन्छ । आत्मरक्षाका क्रममा बलात्कार गर्ने व्यक्तिको मृत्यु भएमा या करणी भएको एक घन्टाभित्र बलात्कार गर्ने व्यक्तिलाई महिलाले केही गरेमा र उसको १ घन्टाभित्र मृत्यु भएमा ती महिलाले कुनै पनि सजाय भोग्नुपर्दैन । तर, कुनै पनि महिलाले कानुनी कारबाहीका लागि बलात्कार भएको ३५ दिनभित्र प्रहरी कार्यालयमा घटना दर्ता भने गराउनुपर्छ ।

*साभार : संचारिका फिचर सेवा*

*(उमा सिन्धुलीस्थित रेडियो सिन्धुलीगढी सम्बद्ध पत्रकार हुन् ।)*

# दाइजो : विशेष अभियानको खाँचो

**अशिक्षित मात्र होइन शिक्षित वर्गका व्यक्तिमा यो समस्या झन् बढी देखिएको छ । सार्वजनिक सभा-समारोहहरूमा तथा दाइजोविरोधी अभियानमा सहभागी हुनेहरू नै आफ्ना छोराछोरीको विवाह गर्दा दाइजो लेनदेन गर्न पछि पर्दैनन् ।**

**✍ राजेश झा**

जीवनभरि साथ दिने कसम खाएर विवाह गरेको पति नै आफ्नो काल बन्छ भनेर सोनी साहलाई के थाहा ? तर, भयो त्यही । सप्तरीको डाढा गाविस वडा नं. ९ लक्ष्मीनियाँकी सोनी साहले आफ्नै पति विनोद साहको हातबाट मृत्युवरण गर्नुपऱ्यो ।

सप्तरीको कञ्चनपुर- ४ की सोनी साहसँग ०६४ साल जेठ १३ गते वैवाहिक बन्धनमा बाँधिएका विनोदले दाइजोकै कारण

श्रीमतीलाई जिउँदै जलाएर मारे। हत्याको आरोपमा प्रहरीले सोनीकी सासू सीतादेवी र काकीसासू सुनितालाई पक्राउ गरी हत्याविरुद्ध मुद्दा चलाए पनि यी दुवै मुक्त भइसकेका छन्। श्रीमान् विनोद भने फरार छन्।

दाइजोकै कारण मलेठकी बबिता यादवलाई ०६४ साल जेठमा घाँटी थिची हत्या गरियो भने बथनाहाकी सिकिलवती यादवलाई ०६४ कात्तिकमा इनारमै डुबाएर हत्या गरियो। यी त केही उदाहरण मात्रै हुन्, महिला हिंसाविरुद्ध काम गर्ने संस्था मानव अधिकार तथा जनवकालत केन्द्र (हुपेक) संस्थाकी ज्ञानु भट्टराईका अनुसार, ०६३ सालदेखि हालसम्म सप्तरीमा मात्रै आधा दर्जन महिलाको दाइजोका कारण हत्या भएको छ। दर्जनौँ महिला घरेलु हिंसाका सिकार बनेका छन्।

आफ्नी छोरीको विवाह गर्दा केटा पक्षलाई दिनैपर्ने दाइजो प्रथा मधेसमा व्यापक छ। सामाजिक कुरीतिको रूपमा रहेको यो प्रथाको अन्त्यका लागि सम्बन्धित समुदायले खासै पहल गर्न सकेको छैन। आफ्ना श्रीमान् तथा ससुरा पक्षले मागेजति रकम या सरसामान दिन नसक्दा कति महिलाले ज्यानको आहुति दिनुपरेको छ भने दर्जनौँ महिला आफ्नो परिवारसँग छुट्टिएर अलग बस्न बाध्य छन्।

दाइजो शब्द नै मधेसमा बसोबास गर्ने महिला र तिनका अभिभावकका लागि निकै घातक र पीडादायी सावित हुँदै आएको छ। दाइजोकै कारण महिला विभिन्न किसिमका हिंसासँगै ज्यानसमेत गुमाउन विवश भइरहे पनि यसलाई नियन्त्रण गर्नेतर्फ कुनै पनि सरकारी वा गैरसरकारी निकायको ध्यान पुग्न सकेको छैन। दाइजोको कारण वर्षेनी बुहारीले यसरी नै क्रूरतापूर्वक मृत्युवरण गर्नु परिरहेको छ। बिहेमा भनिएजति दाइजो दिए पनि पछि विभिन्न बहानामा दाइजो माग्ने र नदिएपछि बुहारीलाई मारिदिनेसम्मको अपराध हुने गरेको छ।

थप दाइजो ल्याउन पति, सासू, ससुराले बुहारीलाई मानसिक तथा शारीरिक यातना दिने गरेका उदाहरण त कति छन् कति। महिला अधिकारकर्मी उमा पोखरेलले भनिन्, 'यातनाका कुराहरू बाहिर आएपछि कारबाही खेप्नुपर्ला भनेर एकैपल्ट हत्या गर्ने क्रम बढ्दै गएको छ। दाइजोसम्बन्धी ठोस कानुन नभएकाले पनि यस्तो अपराध गर्नेहरूको मनोबल बढ्दै गएको हो।'

थप दाइजोको माग पूरा गर्न नसक्दा आफ्नी छोरी लीलालाई बिहे भएको एक वर्षमै ससुरा पक्षले आगो लगाई मारेको घटनाबाट भावविह्वल भएका राजविराज- ७ का पाण्डवप्रसाद देवले लेखेको 'लीलादेवी चीरहरण' दाइजोको कारण आइपरेको पीडाको अभिव्यक्ति हो। बिहेवारीलगायतका अन्य सामाजिक व्यवहारमा फजुल खर्च नगरियोस् भन्ने उद्देश्यले सामाजिक व्यवहार सुधार ऐन २०३३ लागू गरिएको छ। तर त्यसको कार्यान्वयन भने हुन सकेको छैन।

अधिवक्ता सुजितकुमार पोखरेलका अनुसार सामाजिक सुधार ऐनमा विवाह हुँदा जिउमा ल्याएको एकसरो गहनाबाहेक आफ्नो कुल परम्पराअनुसार राजीखुसीबाट दिनेले बढीमा १० हजार रुपैयाँसम्म दाइजो दिन सकिन्छ भनिएको छ। ऐनमा रहेको प्रावधान उल्लङ्घन गर्नेलाई बिगो भए बिगो जफत गरी जरिवाना वा १५ दिनसम्म कैद वा दुवै सजाय हुने व्यवस्था रहेको छ।

सप्तरीको मलेठ गाविस- ८ की काजलदेवी यादवलाई आँगनको मुख्यद्वारमै दाहसंस्कार गरियो। उनका बाबु तथा भाइहरूले नै मिलेर त्यसरी संस्कार गरेका हुन्। काजललाई त्यसरी जलाउनुको एकमात्र कारण थियो- उनका पति हेमनारायण यादवसहित ससुराली पक्षका व्यक्तिहरूले मिलेर उनको हत्या गर्नु।

१८ वर्षीया काजल मलेठ- ३ स्थित आफ्नै घरमा मृत फेला परेकी थिइन्। पर्याप्त दाइजो नदिएको भन्दै काजलका ससुरा पक्षका व्यक्तिहरूले झुन्ड्याएर हत्या गरेको मृतकका बुबा हरिशचन्द्र यादवको आरोप छ।

सप्तरीकै पकरी गाविस- १ निवासी मृतकका बुबा हरिशचन्द्र यादवले बिहेमा दाइजोको मोटरसाइकल नदिएको भन्दै श्रीमान् हेमनारायण र ससुरा सकलदेवले छोरीलाई पटक-पटक यातना दिँदै आएको र सोही निहुँमा छोरीलाई झुन्ड्याएर मारेको दाबी गरेका छन्।

आफ्नी छोरीलाई ससुरा पक्षका व्यक्तिहरूले हत्या गरेको भनी पाँचजनामाथि किटानी जाहेरी जिल्ला प्रहरी कार्यालयमा दिए पनि प्रहरीले दर्ता गर्न नमानेको र आन्दोलन गरेपछि मात्र दर्ता गरिएको उनी बताउँछन्। काजलका ससुरा पक्षले भने उनले आफैंले पासो लगाई आत्महत्या गरेको बताउँदै आएका छन्।

०६६ साल वैशाख ६ गते सामाजिक परम्पराअनुसार हेमनारायण र काजलको विवाह भएको थियो ।

मधेसमा हुने हिंसामध्ये ९० प्रतिशत हिंसा दाइजोकै कारण हुने गरेका छन् । सप्तरीसँगै मोरङ, सुनसरी, सिराहादेखि धनुषा, रौतहट, बारा, पर्सासम्म दाइजो प्रथाले जडो गाडेका कारण असङ्ख्य महिला प्रताडित हुने गरेका छन् । दाइजो प्रथाले नेपालका मधेसी महिला मात्र नभई भारतीय महिला पनि निकै प्रताडित भएको देखिन्छ । सप्तरी, सुनसरी, सिराहालगायत जिल्लाका सीमावर्ती भारतीय महिला नेपालमा दाइजोका कारण हिंसा भोग्न बाध्य छन् ।

अन्त्यको पहल कम

कुसंस्कारको रूपमा रहेको दाइजो प्रथा हटाउन कहीँ-कतैबाट पनि पहल नभएकोले यो समस्याले विकराल रूप लिँदै गएको छ । अशिक्षित मात्र होइन शिक्षित वर्गका व्यक्तिमा यो समस्या झन् बढी देखिएको छ । सार्वजनिक सभा-समारोहहरूमा तथा दाइजोविरोधी अभियानमा सहभागी हुनेहरू नै आफ्ना छोराछोरीको विवाह गर्दा दाइजो लेनदेन गर्न पछि पर्दैनन् ।

मैथिल महिला परिषद्की पूर्वअध्यक्ष मीना ठाकुर छोरी पक्षले पनि आफ्ना छोरीको विवाह बिनादाइजो गर्न नचाहेको कारणले पनि यो प्रथा फस्टाउँदै गएको बताउँछिन् । केटा पक्षलाई बिहेमा केटी पक्षले आफूखुसी दिने गरेको चल-अचल सम्पत्ति नै दाइजो हो । कानुन र समाजले दाइजो दिन सक्ने मान्यतालाई स्थापित गरी त्यस्तो चल-अचल सम्पत्तिमा छोरीको मात्रै हक लाग्ने व्यवस्था भए पनि व्यवहारमा उनी दाइजो ल्याइदिने माध्यमका रूपमा मात्र चित्रित भएको पाइन्छ ।

दाइजोका कारण पीडित महिलाले प्रहरीमा जानकारी गराए पनि पीडक पक्षको आर्थिक लेनदेनका कारण न्याय पाउन नसकिरहेको अधिकारकर्मी शम्भुनन्द चौधरीको धारणा छ । दाइजो प्रथालाई निरुत्साहित गर्न युवाहरूलाई उत्प्रेरित गर्नुपर्ने आवश्यकता रहेको उनले बताए ।

दाइजो प्रथा कहाँबाट कसरी सुरु भयो भन्नेबारे यथेष्ट प्रमाण भने हालसम्म कसैसँग छैन । तथापि यो प्रथालाई बढी मात्रामा शिक्षित परिवारले नै प्रयोग गरिरहेको पाइएको छ । आफ्ना छोरालाई पालनपोषण, पढाइलेखाइ र जागिर दिलाउनमा गरेको खर्च पनि विवाहमै असुल्न खोज्ने प्रवृत्तिले दाइजो प्रथा अन्त्य हुन कठिन भएको छ । अभिभावकहरूले छोरामा लगाएको लगानी छोरी पक्षसँग दाइजोको रूपमा असुल गर्ने चलन निरन्तर बढ्दै गएको छ ।

दाइजोविरुद्ध काम गर्ने सङ्घ-संस्था नहुँदा पनि यो प्रथामा कमी आउन नसकेको पत्रकार शिवहरि भट्टराईको भनाइ छ । आफ्ना छोराछोरीलाई अर्को जातिसँग विवाह गर्न दिए समाजबाट बहिष्कृत हुने डरले प्रेमविवाहले मान्यता पाउन नसक्दा पनि दाइजोको लेनदेन बढ्दै गएको उनले बताए ।

मधेसमा दाइजोलाई पनि तहगत हिसाबले वर्गीकरण गरिएको छ । इन्जिनियर, डाक्टर ज्वाइँ पाउन छोरी पक्षलाई पाँच लाखदेखि २० लाखसम्म दाइजोको रूपमा नगद र सुन मिलाएर दिनुपर्ने अवस्था रहेको छ । प्राविधिक तथा अप्राविधिक फाँटका जागिरे व्यक्तिको मूल्य फरक-फरक रहने गरेको पाइएको छ भने कतिपय अवस्थामा जागिरमा नरहेका व्यक्तिको विवाहमा पनि मोटो रकम लिने गरिएको छ । योचाहिँ धनी परिवारका केटाको हकमा लागू हुने गर्छ ।

मधेसमा खासगरी मैथिल ब्राह्मण, देव, कायस्थ, यादव, मण्डल, साहलगायतका जातिहरूमा दाइजो लेनदेन बढी मात्रामा हुने गरेको पाइएको छ । तर, मधेसी दलितका छोराहरू पनि जागिरे छन् भने उनीहरू पनि एक लाखसम्म दाइजो माग गर्ने गर्छन् ।

दाइजो नियन्त्रण गर्ने नाममा केही वर्षअघिसम्म सञ्चालनमा रहेको बागेश्वरी सेवा समिति पनि हाल निष्क्रिय भएको छ । अधिवक्ता मीना देवको बुझाइमा युवा पिँढीले अग्रसरता देखाए मात्र यो प्रथालाई अन्त्य गर्न सजिलो हुने र यसमा अभिभावकहरूले पनि साथ दिनुपर्छ ।

दाइजोसम्बन्धी उत्पीडन सप्तरीमा दिनहुँजसो हुने गरेको भए पनि त्यसको आधिकारिक उजुरी भने प्रहरीमा त्यति नपर्ने गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । बोक्सी, बलात्कारजस्ता महिला उत्पीडनका घटनामा लिखित उजुरी परे पनि आर्थिक वर्ष ०६६/०६७ र ०६७/०६८ मा दाइजोसम्बन्धी घटनामा प्रहरीसमक्ष एउटा पनि लिखित उजुरी नपरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक गणेशबहादुर थापाले जानकारी दिए ।

'हामीकहाँ जानकारी त प्राप्त हुने गर्छन्, तर लिखित उजुरी नपरेको कारण त्यस्ता घटनाका दोषीहरूमाथि कारबाही गर्न कठिनाइ भइरहेको छ,' प्रहरी उपरीक्षक थापाको भनाइ छ ।

*साभार : संचारिका फिचर सेवा*

*(सामुदायिक एफएम सम्वद्ध राजेश, रासससका प्रतिनिधि हुन्)*

# विस्थापित भइरहेका छन् एकल महिला

**विगतका वर्षका तुलनामा एकल महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन नभएको भने होइन, तर यो परिवर्तन मुलुकका सबै भागमा पुग्न सकेको छैन ।**

**✍ स्मिता अधिकारी**

एकैछिनमा आउँछु भन्दै तीनजना अपरिचित मानिससँग मध्यरातमा बाहिर निस्केका श्रीमान् भोलिपल्ट बिहान पँधेरा जाने बाटोमा मरिरहेको आफ्नै आँखाले देखेपछि बाँकेकी रेखा केसी एक हप्तासम्म बेहोसजस्तै भइन् । पछि उनको होस त आयो तर मानसिक सन्तुलन भने पहिलाभैंm रहेन । 'एक वर्षसम्म त आफ्नै छोराहरू पनि नचिन्ने अवस्थामा थिएँ । मानिसहरू देख्दा पनि डर लाग्थ्यो, सबैसँग घृणा लाग्थ्यो । पछि बिस्तारै आफूलाई सम्हाल्दै गएँ, गाउँमा मेलापात गर्दै छोराहरूलाई विद्यालय पठाउन थालें,' उनले भनिन् । उनी तीन वर्षभन्दा बढी त्यस ठाउँमा टिक्न सकिनन् र काठमाडौं आइन् । भाइबहिनी हेर्नुपरेकोले तीन कक्षा पढ्दापढ्दै स्कुल छाडेकी रेखाको विवाह १५ वर्षमै भएको थियो । 'खेती-किसानी गर्ने इलम छ, गाउँघर नै रमाइलो, शान्त, स्वच्छ भनेर के गर्नु हामीजस्ता विधवालाई गरिखान दिँदोरैनछ, यो समाजले,' उनले भनिन्, 'अब म गाउँ जान्नँ, यहीं बस्छु ।' छिमेकमा आफ्नी मिल्ने साथीकी नन्दको बिहेमा सघाउन जाँदा 'बेहुली निकाल्नेबेला भयो तिमी एकछिन् लुक' भनेर केही महिलाले आफूलाई पछाडि धकेलेको घटना उनी कहिल्यै पनि बिर्सन सक्दिनन् । हाल काठमाडौंको एक गैरसरकारी संस्थामा सहयोगीको रूपमा काम गरिरहेकी केसीसँग गाउँमा हुँदा विवाह, ब्रतबन्ध, पूजाआजादेखि चाडबाडहरूमा एक्लिनुपरेको अनुभव छ ।

पूजा गर्न अछेताको थाली लिएर कोही निस्केको देख्दा उनले लुकिहाल्नुपर्थ्यो कि त परैबाट तर्किएर हिँडिदिन्थन् । कसैसित बोल्न हाँस्न पनि डराउनुपर्थ्यो । खुसी भएमा कतै कोहीसँग यसको सम्बन्ध पो बढ्यो कि भनेर शङ्का गर्नेहरूको कमी थिएन ।

अझै पनि कतिपय समाजमा श्रीमान्को मृत्यु भयो भने महिलालाई 'अलक्षिनी'को संज्ञा दिने प्रचलन कायमै छ । विधवा महिला शुभकार्यमा सहभागी हुँदा कुनै विपत्ति पर्ला वा नयाँ जीवनको साइत बिग्रेला भन्ने भ्रमले उनीहरूले रेखालाई त्यसो गरेका थिए । गाउँघरमा प्रचलित यसप्रकारका कतिपय मूल्यमान्यताका कारण महिला सहरतिर विस्थापित हुने गरेका छन् । जहाँ उनीहरूले बाँच्नका लागि चुकाउनुपर्ने मूल्य झनै डरलाग्दो छ ।

पुस्तकालय खोल्ने योजना बनाएका कञ्चनपुरको दैजीकी हीरा भण्डारीका श्रीमान् सशस्त्र द्वन्द्वको क्रममा मारिएपछि उनी एक्लैले भए पनि श्रीमान्को सपना पूरा गर्न चाहन्थिन् । आफूसँग शिक्षा र सीप थिएन, तैपनि जिल्ला विकास समितिले सञ्चालन गरेको महिला

सशक्तीकरण तालिममा भाग लिन चाहन्थिन् । तर, लोग्ने नभएका महिलालाई गरिने नकारात्मक व्यवहारबाट उनी पनि उम्किन सकिनन्, गाउँमा कुनै कार्यक्रम वा तालिममा भाग लिन जानका लागि परिवारले स्वीकृति दिएन । 'आफ्नो लोग्ने त खाइस्-खाइस्, अब कसलाई खाने विचार छ र गाउँ डुल्छेस् ।' जेठाजुले भनेका यी शब्दले मरेतुल्य बनायो । अंश पाउन पनि उनले निकै सङ्घर्ष गर्नुपर्‍यो ।

संयुक्त राष्ट्रसङ्घीय महिला निकाय (यूएन वुमन) लगायतका संस्थाहरूको प्रतिवेदनअनुसार द्वन्द्वपीडित महिलामध्ये ठूलो सङ्ख्या अशिक्षित र बेरोजगार छ । मानव अधिकारका लागि एकल महिला समूह (डब्ल्यूएचआर) ले गरेको सर्वेक्षणले नेपालमा लगभग ८० हजार एकल महिला रहेको देखाएको छ । पाँच हजारभन्दा बढी महिला द्वन्द्वको बेला एकल बनेका छन् । त्यसमध्येको आधा सङ्ख्या सामाजिक समस्याका कारण सहरी क्षेत्रमा विस्थापित भएका छन् । द्वन्द्वपीडितका समस्यालाई मध्यनजर गर्दै शान्ति तथा पुनर्निर्माण मन्त्रालयले हालै *द्वन्द्वपीडित राहत तथा आर्थिक सहायता कार्यविधि नियमावली* २०६६ कार्यान्वयनमा ल्याएको छ । जसअनुसार द्वन्द्वपीडित परिवारलाई तीन लाखसम्म राहत दिने भनिएको छ । तर, सो राहत उनीहरूले सहजै पाउन भने सकेका छैनन् । राहतको पहिलो हकदार मृतकको श्रीमान् वा श्रीमती हुने नीतिगत व्यवस्था पहिलेदेखि नै भए पनि वास्तविक पीडितको पहुँच पुगे-नपुगेको अनुगमन भने हुन सकेको छैन । विगत पाँच वर्षदेखि काठमाडौंमा मजदुरी गरेर दुई सन्तान हुर्काउँदै आएकी बाराकी रीता मानन्धर गिरीले द्वन्द्वपीडित राहत पाइने खबरले गाउँ फर्किएर सिलाइकटाइ व्यवसाय गर्ने सोच बनाएकी थिइन् । लोग्नेसँगको नाता प्रमाणित गर्नै उनलाई करिब एक वर्ष लाग्यो । सीडीओ अफिसबाट पाएको एक लाख सासू, ससुरा र जेठाजुसमेतलाई भाग लगाउँदा २५ हजार हातमा पर्‍यो । त्यही पनि गाउँ आउ-जाउ गर्दै ठिक्क भयो । भक्तपुरको लोकन्थलीमा अरूको घरमा सरसफाइ गर्दै जीविकोपार्जन गरिरहेकी मानन्धरले आखिर गाउँ जाने सोच नै त्यागिदिइन् । गाउँमा गएर सबैको हेपाइ सही-सही मेलापात गर्नुभन्दा कसैले नचिन्ने ठाउँमा जस्तो काम गर्दा पनि फरक पर्दैन भन्ने मान्यता राख्छिन् उनी । यस्तो धारणा राख्ने धेरै एकल महिला अहिले सहरमा दुःखजिलो गरेर बसेका छन् ।

द्वन्द्वका बेला श्रीमान् गुमाएका महिलामा परेको मनोवैज्ञानिक असर कहालीलाग्दो छ । महिलाले पुनर्विवाह गर्न चाहेमा पहिलेको श्रीमान्को अंश पनि पाउन सक्ने फैसला सर्वोच्चले गरिसक्दासमेत एकल महिलाले पाउने राहतका लागि उसका श्रीमान्का आफन्तकै सिफारिस खोजिएको स्थिति जिल्लामा अझै कायम छ । 'बिनादोष दिनहुँ बेइज्जती सहनुपर्छ भने त्यस ठाउँमा टिक्न नसक्नु स्वाभाविक नै हो,' एकल महिला समूहकी अध्यक्ष लिली थापा भन्छिन्, 'सामाजिक विकासको मान्यतासँगै सशक्तीकरण र प्रवर्द्धनका कार्यक्रमहरू गाउँकेन्द्रित भइरहेको बेला यसरी अशिक्षित र बेरोजगार एकल महिला सहरतिर विस्थापित हुँदा राज्य बेखबर छ ।'

विगतका वर्षका तुलनामा एकल महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन नभएको भने होइन, तर यो परिवर्तन मुलुकका सबै भागमा पुग्न सकेको छैन । एकल महिलाको आत्मसम्मान र आत्मविश्वासका लागि रातो पहिरनलगायतका अभियान जारी छन् । एकल महिलाको पक्षमा वर्षौंदेखि वकालत गरिरहेकी लिलीका अनुसार महिलाका लागि सबैभन्दा ठूलो कुरा त आर्थिक सशक्तीकरण नै रहेछ, गरिखाने ठाउँ पाएका महिलाको जीवनस्तर र मानिसले तिनलाई हेर्ने दृष्टिकोण फरक छ । अन्य एकल महिला र द्वन्द्वका क्रममा भएका एकल महिलाबीच मनोवैज्ञानिक अवस्थामा फरक छ । द्वन्द्वका क्रममा श्रीमान् गुमाएका महिलामध्ये कति मनोवैज्ञानिक समस्याबाट गुज्रिएका छन् जसका लागि फरक खालको पुनर्प्राप्ति प्याकेजको आवश्यकता छ ।

*साभार : संचारिका फिचर सेवा*

*(स्मिता नेपाल एफएममा कार्यरत पत्रकार हुन् ।)*

## फिचर लेखका लागि अनुरोध

सञ्चारिका समूहले लैङ्गिक हिंसाविरुद्धको अभियानअन्तर्गत फिचर सेवा प्रारम्भ गरेको छ। प्रत्येक महिना प्रकाशित हुने फिचर सेवामा महिलामाथि हुने गरेका विविध हिंसामा आधारित पाँचवटा फिचर लेख समावेश हुनेछन्। फिचर सेवाका लागि नौदेखि ११ सय शब्दसम्मको फिचर लेख पठाउनका लागि फिचर लेखकहरूमा अनुरोध गरिन्छ। प्रकाशित गर्न उपयुक्त ठानिएको फिचरका लागि पारिश्रमिकस्वरूप रु. ३,०००/- (तीन हजार) प्रदान गरिनेछ। प्राप्त फिचर प्रकाशित गर्ने वा नगर्ने अधिकार सञ्चारिका समूहमा निहित रहनेछ।

यो फिचर सेवा मुलुकभरिबाट प्रकाशित हुने सबै पत्रपत्रिकालाई निःशुल्क उपलब्ध गराइनेछ। फिचर प्राप्त नभएको भए जानकारीका लागि समूहको केन्द्रीय कार्यालय काठमाडौंमा इमेल या टेलिफोनमार्फत खबर गरिदिनुहुन विभिन्न जिल्लास्थित पत्रपत्रिकाका सम्पादक तथा प्रकाशकज्यूहरूलाई अनुरोध गर्दछौं। यो फिचर सेवा एफएम स्टेसनहरूका लागि पनि उपयोगी हुने विश्वास हामीले लिएका छौं। फिचर उपयोग गर्न चाहने एफएम स्टेसनहरूलाई पनि सम्पर्कका लागि अनुरोध गर्दछौं। फिचर प्रकाशित/प्रसारित गर्दा 'साभार : सञ्चारिका समूह' भनी उल्लेख गरिदिनुहुन आग्रह गर्दछौं।

**युएनएफपीएको सहयोगमा संचारिका समूहद्वारा प्रकाशित**

**सम्पर्क ठेगाना**

सञ्चारिका समूह, एकान्तकुना, भनिमण्डल, ललितपुर

पोष्ट बक्स नं : १३२९३, काठमाडौं

फोन नं : ५५५११८२, ५०००५१९

इमेल : sancharika@wlink.com.np

वेभ साइड : www.sancharika.org

**संयोजन/सम्पादन**

**बबिता बस्नेत**